# कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्मचारी समायोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर्मचारी" भन्नाले सरकारी सेवामा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले कर्मचारी प्रशासन हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समायोजन" भन्नाले कर्मचारीलाई संघ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा पदस्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "सरकारी सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(छ) "सेवा सञ्चालन गर्ने निकाय" भन्नाले प्रचलित कानून बमोजिम सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय सम्झनु पर्छ ।

३. **कर्मचारीको विवरण माग गर्ने:** (१) मन्त्रालयले कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित सेवा सञ्चालन गर्ने निकायसँग कर्मचारीको विवरण माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मागिएको विवरण सम्वन्धित सेवा सञ्चालन गर्ने निकायले मन्त्रालयले तोकेको अवधिभित्र पठाउनु पर्नेछ ।

४. **संगठन तथा कर्मचारी दरबन्दी:** (१) नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी निर्धारण गर्न तोकिए बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "समिति" भन्नाले संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ ।

(२) समितिले संघ, प्रदेश र स्थानीय तहको संविधान बमोजिमको अधिकारको सूची, कार्य प्रकृति र औचित्य समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहको लागि कर्मचारी दरबन्दी सिफारिस गर्दा समितिले स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी समायोजन भई पदपूर्ति हुने दरबन्दीको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिले सिफारिस गरेको आधारमा नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नेछ ।

(५) समितिको कार्यावधि बढीमा छ महिनाको हुनेछ ।

(६) उपदफा (१) बमोजिमको कामको लागि समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(७) संगठन संरचना तथा कर्मचारी दरवन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **कर्मचारी समायोजनः** (१) दफा ४ बमोजिम कायम भएको संगठन संरचना तथा कर्मचारी दरबन्दीमा कर्मचारी समायोजन गर्दा राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारीको हकमा नेपाल सरकार तथा अन्य कर्मचारीको हकमा सेवा सञ्चालन गर्ने निकायले सेवा, समूह वा उपसमूहको मिल्दो समान पदमा समायोजन गर्नेछ ।

(२) दफा ४ को उपदफा (४) बमोजिम संघ, प्रदेश र स्थानीय तहको लागि कर्मचारीको दरबन्दी स्वीकृत भएको मितिले छ महिनाभित्र उपदफा (१) बमोजिम कर्मचारी समायोजन गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम समायोजन भएको कर्मचारी समायोजन भएको संघ, प्रदेश वा स्थानीय तहको स्थायी कर्मचारी हुनेछ ।

(४) कर्मचारी समायोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **कर्मचारी हाजिर हुनुपर्नेः** (१) दफा ५ बमोजिम समायोजन भएका कर्मचारी बाटोको म्याद बाहेक पैतीस दिनभित्र समायोजन गरिएको संघ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा हाजिर हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन हुँदाका वखत देहायको अवस्थामा रहेको कर्मचारीले देहायको अवधि समाप्त भएको पैतीस दिनभित्र सोही उपदफा बमोजिम समायोजन भएको सेवाको पदमा हाजिर हुनु पर्नेछ :–

(क) प्रसूति विदा वा प्रसूति स्याहार विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएपछि,

(ख) किरिया विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएपछि,

(ग) निलम्वनमा रहेको कर्मचारीले त्यस्तो निलम्वन समाप्त भएपछि,

(घ) असाधारण वा अध्ययन विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएपछि,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले अस्पतालबाट डिस्चार्ज भएको मितिबाट ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वा (२) बमोजिमको म्यादभित्र हाजिर नहुने कर्मचारीलाई नेपाल सरकारले सेवाबाट अवकाश दिनेछ ।

(४) उपदफा (३) बमोजिम अवकाश पाएको कर्मचारीले प्रचलित कानून बमोजिम पाउने सुविधा पाउनेछ ।

७. **समायोजनको आधारः** (१) कर्मचारी समायोजन गर्दा देहायका प्राथमिकताका आधारमा गरिनेछ :-

(क) कर्मचारीको पद र समायोजन हुने पदको कार्यविवरण र त्यसको सान्दर्भिकता,

(ख) कर्मचारीले रोजेको संघ, प्रदेश वा स्थानीय तह,

(ग) कार्यरत पदको ज्येष्ठता,

(घ) कार्यरत रहेको स्थान,

(ङ) कर्मचारीको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना ।

(२) कर्मचारी समायोजनका अन्य आधार तोकिए बमोजिम हुनेछ ।

८. **समन्वय समितिः** (१) कर्मचारी समायोजन सम्बन्धमा समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) मुख्य सचिव -संयोजक

(ख) सचिव, सेवा संचालन गर्ने निकाय -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य सचिव ।

(२) समन्वय समितिमा आवश्यकता अनुसार प्रदेशको सम्बन्धित प्रमुख प्रशासकीय अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समन्वय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(४) समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. **सेवाको सुरक्षाः** (१) दफा ५ बमोजिम समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको तलब, भत्ता, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर पर्नेगरी कानून बनाउन पाइने छैन ।

(२) यस ऐन बमोजिम समायोजन भएको कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च तथा सञ्चित विदाको रकम नेपाल सरकारले व्यहोर्नेछ ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीलाई यस उपदफा बमोजिमको सुविधा दिइने छैन ।

१०. **पुल दरबन्दीः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कर्मचारीलाई समायोजन गर्ने प्रयोजनको लागि कर्मचारीको दरबन्दी स्वतः पुल दरबन्दीमा कायम रहेको मानिनेछ ।

११. **कर्मचारी खटाउन सक्ने:** (१) प्रचलित कानून र यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका कर्मचारीलाई नेपाल सरकारले र अन्य कर्मचारीलाई सेवा सञ्चालन गर्ने निकायले आवश्यकता अनुसार संघ, प्रदेश वा स्थानीय तहमा खटाउनेछ ।

(२) कर्मचारी खटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **दरबन्दी सृजना र पदपूर्ति:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिमको अवस्थामा बाहेक कुनै निकायको लागि संगठन संरचना र दरबन्दी सृजना गरिने छैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षसम्म सरकारी सेवाको रिक्त पदमा खुला वा बढुवाद्वारा पदपूर्ति गरिने छैन ।

१३. **स्वेच्छिक अवकाश लिन सक्ने:** (१) यस ऐन बमोजिम संघ, प्रदेश वा स्थानीय तहमा समायोजन हुन नचाहने पचास वर्ष उमेर पूरा भएको र निवृत्तभरण पाउने अवस्था भएको कुनै कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्त बमोजिम स्वेच्छिक अवकाश लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वेच्छिक अवकाश लिने कर्मचारीमध्ये नेपाल स्वास्थ्य सेवाका कर्मचारी र सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघि निजामती सेवामा प्रवेश गर्ने कर्मचारीको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र सो भन्दा पछि निजामती सेवामा प्रवेश गर्ने कर्मचारीको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र प्रकाशन गर्नु पर्नेछ ।

१४. **थप सुविधा दिन सकिने:** नेपाल सरकारले स्रोत र साधनलाई दृष्टिगत गरी यस ऐन बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई थप सुविधा दिन सक्नेछ ।

१५. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।